जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.१२/४३ र १४/५० (हातहतियार)

दर्ता मिति :– २०६९/०५/०७ र २०६९/७/२७ (पूरक अभियोग-पत्रसमेत)

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.१७१४ , मिति :– २०७१/१०/२१

**वादी**

प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.........१

निजको प्रमाण...............................

साक्षी .............

कागज.......................................

**प्रतिवादी**

महेन्द्र ठाकुरको छोरा भारत विहार, समस्तीपुर कल्याणपुर थाना, लदौरा वडा नं.६ घर बस्ने वर्ष २० को रमेश ठाकुर........................................... १

जोगिन्द्रप्रसाद सिंहको छोरा भारत विहार प्रान्त समस्तीपुर लदौराचोक ५ थाना कल्याणपुर बस्ने वर्ष १८ को रन्जितकुमार सिंह................................ १

किशोर पालको छोरा भारत उत्तरप्रदेश प्रान्त,छप्राबलिया रिवीलगंज थाना-९ समसुदिनपुर बस्ने वर्ष २२ को सन्तोष भन्ने सन्जोग पाल................. १

सिताराम गुप्ताको छोरा भारत विहार प्रान्त, समस्तीपुर जिल्ला, चक्मेहसी थाना बस्ने वर्ष ३१ को विजय गुप्ता.............................................. १

ऐ. ऐ. बस्ने कृष्णनन्दनकी छोरी विजय गुप्ताकी श्रीमती वर्ष १८ की शशी गुप्ता...........................................................................१

निजको प्रमाण .................................................................

साक्षी ..............................................................................

कागज ............................................................................

**यस कार्यालयबाट बुझेको**

(१) मिति २०६९।४।३ गते विहान ०९:०० वजेको समयमा का.जि. गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायक चोक स्थित राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा **रंजित कुमार सिंहले** राजन भुजेललाई दाहिने हातमा रिभल्वर समाती लछार पछार गर्दै गरेको अन्य ४ जनाको हातमा पेस्तोल रिभल्वर रहेको जस मध्ये रन्जीत कुमार सिंह समेतले हातमा पेस्तोल लिई वरपर आउने व्यक्तिहरुलाई हेरी राखेको अवस्थामा तत्काल प्रहरी टोली पुगी उक्त डाँका चोरी गर्ने व्यक्तिहरु मध्ये रन्जीत कुमार सिंहलाई रितपुर्वक खानतलासी पुर्जी दिई तलासी गर्ने क्रममा दायाँ हातमा मेड ईन यु.एस.ए.लेखिएको कालो रंगको ४ राउण्ड गोली लोड गरी पड्काउन तयारी अवस्थामा राखिएको रिभल्वर नाल १, निजले लगाएको निलो कालो पाईन्टको पछाडीको खल्तीमा कालो पर्समा भारतीय रुपैया १०० दरको नोट थान ५, तथा रन्जीत कुमार लेखिएको भारतीय सवारी चालक अनुमती पत्र, निजले भिरेको AOKING लेखिएको कालो रंगको झोला भित्र कालो रंगको एउटा रातो धर्के रंगको र अर्का मास्क कपडा, सेतो कलरको टेप सिङ्ग थान २, ६० एम.एल.को सिसीमा झोल पदार्थ फेला परेको, अर्का **रमेश ठाकुरलाई** रितपुर्वक खानतलासी

पुर्जी दिई तलासी लिदा निजले कम्मरमा भिरेको अवस्थामा Made in Italy Atomatic pistol N7774 लेखिएको पेस्तोल नाल १, ऐ.को म्याग्जीन थान १, सो म्याग्जीन भित्र 22ww7*10 लेखिएको गोली राउण्ड ४ नोकिया कम्पनीको मोबाईल ९८१८७०९५५२ नं.को सिम भएको सेट थान १ फेला परेको अन्य व्यक्तिहरु भागि फरार भएको निजहरुलाई सोधपुछ गर्दा डाँका, हत्या एवं लुटपाटमा संलग्न हौ भनि वताएको हुँदा निजहरुलाई उल्लेखित सामानहरु सहित प्रहरी नियन्त्रणमा लिएको भन्ने समेत व्यहोराको मिति २०६९।४।३ गतेको खानतलासी वरामदी मुचुल्का ।

(२) मिति २०६९।४।३ गते विहान ०९:०० वजेको समयमा का.जि. गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायक स्थित राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा डाँका चोरी तथा ज्यान मार्ने उद्योग गर्ने कार्यमा संलग्न रमेश ठाकुर र रन्जीत कुमार सिंहलाई वरामदी मुचुल्कामा उल्लेखित धनमाल सहित पक्राउ गरी दाखिला गरेका छौ निजहरु उपर कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०६९।४।३ गतेको प्रहरी प्रतिवेदन ।

(३) का.जि. गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायक चोक स्थित म्याग्दी धौलागिरी सुनचाँदी पसलमा पसलको सटर खुल्ला अवस्थामा भएको सटर भित्र विचमा काठ तथा सिसाको सोकेस रहेको, उक्त सोकेसको अगाडी सिसा फुटेको, सुन राख्ने भाडाहरु भुईमा छरिएको तथा भुईमा सिसाका टुक्राहरु छरिएर रहेको, कोठाको पश्चिम भित्तामा प्लाष्टिकको घुम्ने कुर्ची लडेको, सटर नजिक सुनका खाली डिव्वाहरु रहेको, उक्त सटर भन्दा तल सडक किनारा भुईमा गोलीको खोका रहेको उक्त गोलीको खोका प्रहरीले घटनास्थलबाट उठाईएको भन्ने समेत व्यहोराको मिति २०६९।४।३ गतेको घटनास्थल मुचुल्का ।

(४) मिति २०६९।४।३ गते विहान ०९:०० वजेको समयमा का.जि.गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायक चोक स्थित मैले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा विजय गुप्ता, ईन्द्र पासवान, गोरख पासवान, रमेश ठाकुर, रन्जीत कुमार सिंह, दिपक भन्ने व्यक्ति लगायतका हतियार पेस्तोल रिभल्वर सहित लिई आएका डाँकाहरुको समुहले मलाई नियन्त्रणमा लिई डाँका गर्ने क्रममा म कराई चिच्चाएको कारण निज रमेश ठाकुरले मलाई ज्यान मार्ने उद्देश्यले पेस्तोलले कन्चटमा हान्ने क्रममा मैले हातले छल्न सफल भई बाँच्न सफल भएको हो भने अन्य डाँकाहरुले नगद रु.५०,०००।- सुनको सिक्रि थान ३ को ५ तोलाको रु.२,७७,०००।- चाँदीका पाउजुहरु ६ जोरको १८ तोलाको रु.१८,१००।- आईफोन थान १ को रु ७०,०००।- सिको फाईव घडी थान १ को रु १५,०००।- समेत गरी जम्मा रु.४,३०,१००।- वरावरको धनमाल डाँका चोरी भाग्ने क्रममा डाँकाहरु मध्ये रमेश ठाकुर, रन्जीत कुमार सिंहलाई हतियार पेस्तोल रिभल्वर र गोली सहित पक्राउ परी आएको हुँदा निजहरु उपर कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको राजन भुजेलको जाहेरी दरखास्त ।

(५) मिति २०६९।४।३ गते विहान डाँका चोरी गर्ने क्रममा प्रयोग भएको बा ४६ प ३०४ नं को पल्सर मो.सा. का.जि.,का.म.न.पा.,वडा नं.३, बसुन्धारामा प्रयोग भई रहेको छ भन्ने गोप्य सूचना प्राप्त भए पश्चात उल्लेखित स्थानमा गई खानतलासी गर्ने क्रममा सन्जोग पाललाई फेला पारी चेक जाँच गरी सोधपुछ गर्दा उक्त मो.सा.विजय गुप्ताले दिएको भनी बताएको हुँदा निज सन्जोक पाललाई पक्राउ गरी मो.सा.सहित बरामद गरी दाखिला गरेका छौ, निज उपर कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(६) The article No 1 is a 9mm calibre factory made pistol, however, its outer appearance has been changed manually later on. Its action mechanism is in working order. Its barrel showed sign of discharge on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing cannot be ascertained with scientific

accuracy. The article no 2 is a local made (home made) revolver through which 0.380-inch calibre revolver cartridges can be fired. Its action mechanism is in perfect working order. Its barrel showed sign of discharge (Fire) on chemical examination of fouling material found inside the barrel, however, the date and time of firing cannot be ascertained with scientific accuracy. The article no 3 is a magazine of 9mm calibre pistol like Article no 1. The article no 4 is a fired empty cartridge case of 9mm cartridge case of 9mm calibre pistol and it has not been fired through article no 1. The article no 5 to article no 8 are all four live cartridges of 9mm calibre pistol and can be fired through article no 1. The article no 9 to article no 12 are all (four) live cartridges of 0.380 inch calibre revolver and can be fired through article no 2 भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी विधि-विज्ञान प्रयोगशालाको हतियार परीक्षण प्रतिवेदन ।

(७) मिति २०६९।४।३ गते विहान ६/७ जना व्यक्तिहरुले का.जि.,गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायक चोक स्थित राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा जाहेरवालालाई लछार पछार गरी रहेको र जाहेरवाला राजन भुजेलले बचाउ बचाउ भनी कराएको अवस्थामा डाँका चोरी गर्न आएका व्यक्तिहरु हतियार पेस्तोल समेत साथमा बोकि भाग्दै गर्दा हामीहरुले लखेट्दै जाँदा प्रहरी समेत आई डाँका गर्ने रन्जीत कुमार सिंह, रमेश ठाकुरलाई पेस्तोल गोली रिभल्वर ऐ.को गोली समेत पक्राउ गरी बरामद गरेको हो । वारदातमा प्रयोग भएको बा ४६ प ३०४ नं. को मो.सा.सहित सन्जोक पाललाई प्रहरीले पछि पक्राउ गरेको हो निज डाँका चोरी गर्ने व्यक्तिहरुमध्ये ३ जनालाई पक्राउ गरेको हो । अन्य व्यक्तिहरु फरार भएको हो । निजहरुले जाहेरवालालाई ज्यान मार्ने उद्देश्यले गोली समेत प्रहार गरेका थिए भन्ने समेत एकै व्यहोराको अप्सरा अधिकारी, तुलसा रसाईली र बाल कुमार श्रेष्ठले लेखाई दिएको घटना विवरण कागज ।

(८) हामीहरु भारतबाट नेपालमा आई का.जि.का.म.न.पा.वडा नं. १६ बालाजु नयाँवजार स्थित होटल रिभर भ्याली ईन होटलमा बसेका हौ । उक्त होटलमा वस्दा भारतबाट डाँका गर्नको लागि ल्याएको पेस्तोल रिभल्वर दिपक भन्ने व्यक्तिले चलाउन सिकाएको हो । उक्त होटलमा हामीहरुले १०/१५ दिन हतियार चलाउन सिक्यौ । डाँका गर्ने विषयको सम्पुर्ण कुरा वानियाटारमा हार्डवेयर पसल संचालक विजय गुप्ता होटलमा आई बताएको हुन । निज गुप्ताले दिपक भन्ने व्यक्तिहरुलाई कुन पसलमा डाँका गर्ने हो देखाई दिन्छु भनी आफ्नो मो.सा.मा राखी लगेका थिए । त्यसपछि निजहरुले वानियाटारमा रहेको राजन भुजेलको सुन पसलमा डाँका गर्नु पर्छ भनी योजना बनाएको र सोही योजना अनुसार मिति २०६९।४।३ गते विहान अं. ९:०० बजे जाहेरवाला राजन भुजेलको पसलमा डाँका गर्ने क्रममा निजले कराएको हुँदा निज राजन भुजेललाई म रमेश ठाकुरले ज्यान मार्ने उद्देश्यले गोली हानेकोमा निजले हातले छेकेको कारण वाँच्न सफल भएको हो उक्त हतियार गोरख पासवान, ईन्द्र पासवानले ल्याएको हो भने हामीहरु रन्जीत कुमार सिंह, रमेश ठाकुर, विजय गुप्ता, सन्जोग पाल, दिपक भन्ने व्यक्ति समेत भई होटलमा चलाउन सिकि डाँका गर्ने कार्यमा प्रयोग गरेका हौ । डाँका गर्ने क्रममा वरपरका मानिसहरु कराई सोही अवस्थामा प्रहरी तथा स्थानीय व्यक्तिहरुले चारै तिरबाट घेरा हाली हामीहरुको साथबाट वारदातमा प्रयोग गरेको पेस्तोल थान १, ऐ. को म्याग्जीन थान १ ऐ. को गोली राउण्ड ४, रिभल्वर थान १ र ऐ. को गोली राउण्ड ४ र पडकाईएको गोलीको खोका समेत बरामद गरी ल्याएका हुन उक्त हतियार हामीहरुले अवैध रुपमा प्रयोग गरेको हुँदा कानुन बमोजिम कारवाही सहन भोग्न मन्जुर छौ भन्ने समेत एकै व्यहोरा मिलानको प्रतिवादीहरु रन्जीत कुमार सिंह, रमेश ठाकुर, सन्तोष भन्ने सन्जोक पाल समेतले अधिकारप्राप्त अधिकारी समक्ष लेखाई दिएको करिव एकै व्यहोराको भिन्दा भिन्दै बयान कागज ।

(९) मिसिल संलग्न जाहेरी दरखास्त, खानतलासी बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको बयान कागज, बुझिएका मानिसहरुले गरिदिएको कागज समेतका कागज प्रमाणबाट प्रतिवादीहरुले मिति २०६९।४।३ गते

विहान ९:०० बजेको समयमा का.जि.,गोगंवु गा.वि.स., वडा नं. ६ जल विनायक स्थित जाहेरवाला राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुन चाँदी पसलमा गई जाहेरवालालाई पेस्तोल देखाई नियन्त्रणमा लिई नगद, सुनचाँदी, आइफोन समेत गरी जम्मा रु.४,३०,१००।- वरावरको धनमाल डाँका चोरी गरी भाग्ने क्रममा निज प्रतिवादीहरु रमेश ठाकुरको साथबाट मेड ईन ईटाली लेखिएको ७७७४ नं.को पेस्तोल नाल १, ऐ.को गोली राउण्ड ४, म्याग्जीन थान १, तथा प्रतिवादी रन्जीत कुमार सिंहको साथबाट मेड ईन यु.एस.ए.लेखिएको रिभल्वर नाल १, ऐ.को गोली राउण्ड ४ तथा निज प्रतिवादी रमेश ठाकुरले राजन भुजेललाई ज्यान मार्नको लागि हानेको गोलीको खोका समेत फेला परी वरामद भएकोले प्रतिवादीहरुले अवैध हातहतियार खरखजाना भारतवाट नेपालमा ओसारपसार गरी आफुसित राखि अपराध गरेको पुष्टि भएको हुँदा निज **प्रतिवादीहरु रमेश ठाकुर, रन्जीतकुमार सिंह, सन्तोष भन्ने सन्जोग पाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) को कसूरमा सोही ऐनको दफा २०(२) र दफा २०(३) बमोजिम सजाय हुन** समेत मागदावी लिईएको,त्यसैगरी प्रतिवादीहरुको बयानबाट खुलेका वारदातमा संलग्न विजय गुप्ता, इन्द्रजीत पासवान, गोरख पासवान, दिपक भन्ने व्यक्ति, विजय गुप्तासँग आएका २ जना व्यक्ति र शशी गुप्ताको एकीन नामथर, वतन नखुलेकोले एकीन नामथर, वतन खुली आएका बखत र प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहे भएको खुली आएकमा सोही बखत कानून बमोजिम गरिने व्यहोरा समेत उल्लेख गरी यस कार्यालयमा पेश गरिएको **अभियोग-पत्र** ।

(१०) रमेश ठाकुर समेतका मानिसले हातहतियार लिई डाँका गर्न गएको भन्ने सुनेको हुँ । मैले डाँका गर्न गएको होइन । घटनामा प्रयोग भएको वा.४६ प. ३०४ नं.को पल्सर मोटरसाइकल बसुन्धराको ब्रम्हदेव भन्ने फर्निचर उद्योगबाट ल्याई निज विजय गुप्ताको पसलमा राखेकोले सोही आधारमा शंका मानि प्रहरीले पक्राउ गरेको हो । डाँका गर्न जानेमा दिपक भन्ने व्यक्ति, निज रमेश ठाकुर र रन्जित कुमार सिंह समेत भै डाँका गर्न हतियार लिई गएको भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी सन्तोष भन्ने सन्जोक पालले यस कार्यालयमा गरेको बयान ।

(११) मिति २०६९/४/३ गते विहान अं.९ बजेको समयमा गोंगबु बसपार्क नजिक सुनचाँदी पसल नजिकबाट प्रहरीले मलाई पक्राउ गरेको हो । बरामदी मुचुल्का ठिक साँचो हो । सो मा उल्लेखित मेड इन इटाली लेखिएको पेस्तोल थान १ , म्याग्जीन थान १ , गोली थान ४ , समेत बरामद भएको हो । उक्त हतियार दिपक भन्ने व्यक्तिले दिएको हो । जाहेरवालाको सुनचाँदी पसलमा डाँका गर्न जाँदा लिएर गएका थियौ । सोही अवस्थामा वरामद भएको हो । म लगायत रन्जित कुमार सिंह , दिपक भन्ने व्यक्ति समेत भई डाँका गर्न गएका हौ । दिपक भन्ने व्यक्तिले दोकानवालासंग छलफल गर्दै थिए, सोही अवस्थामा प्रहरी आई हामीलाई पक्राउ गरेको हो । दिपक भन्ने व्यक्ति भाग्न सफल भए । हतियार दिपक भन्ने व्यक्तिले ल्याएका हुन् । मेरो साथबाट बरामद भएको हतियार गोली आज देखे, उक्त हतियार म बाट बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी रमेश ठाकुरले यस कार्यालयमा गरेको बयान ।

(१२) मिति २०६९/४/३ गते विहान अं.९ बजेको समयमा गोंगबु बसपार्क नजिक सुनचाँदी पसल नजिकबाट मलाई र प्रतिवादी मध्येका रमेश ठाकुरलाई प्रहरीले पक्राउ गरेको हो । घटनास्थलबाट प्रहरीले मेरो साथबाट झोलामा रहेको रिभल्वर थान १, म्याग्जीनमा रहेको गोली थान ४ समेत बरामद गरेको हो । मजदुरीका लागि काठमाडौं आएपछि प्रतिवादी मध्येका निज रमेश ठाकुर, इन्द्र पासवान, गोरख पासवान समेत भई काठमाडौ आई होटलमा संगै बसेको हो । होटलमा निज रमेश ठाकुर , दिपक भन्ने व्यक्ति , विजय गुप्ता समेतले सुनचाँदी पसलमा डाँका गरौ रुपैंया मिल्छ भनेकाले उक्त मिति २०६९/०४/०३ गते विहान उक्त जाहेरवालाको सुनचाँदी पसलमा डाँका गर्न गएका हौ । सोही अवस्थामा रमेश ठाकुर , दिपक भन्ने व्यक्ति र म समेत भै डाँका गर्दा पसलको मान्छेसंग हात हालाहाल हुदै गर्दा प्रहरी आई पक्राउ गरेको हो । झोलामा रहेको उक्त बरामदी मुचुल्कामा उल्लेखित हातहतियार समेतको सामान बरामद भएको हो । उक्त बरामद भएको हतियार इन्द्रजित पासवान र दिपक

भन्ने व्यक्तिले ल्याई मलाई दिएका हुन् । कहाँबाट ल्याए मलाई थाहा भएन । बरामदी मुचुल्कामा उल्लेखित हतियार देखि पाँए । उक्त हतियार मध्ये मेड इन युएसए लेखेको रिभल्भर थान १ , म्याग्जीन समेत मेरो साथबाट बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी रन्जित कुमार सिंहले यस कार्यालमा गरेको बयान ।

(१३) यस कार्यालय समक्षको वयानका क्रममा प्रतिवादीहरु रमेश ठाकुर र रन्जित कुमार सिंहले अभियोग स्वीकारी बयान गरेका र अर्का प्रतिवादी सन्जोक पालले इन्कारी बयान गरेको भएता पनि तत्काल प्राप्त प्रमाणलाई अहिले नै अन्यथा हो भन्न सकिने अवस्था नरहेकाले पछि मुद्दा फैसला भएका बखत ठहरे बमोजिम हुने गरि यी प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन २०१९ को दफा २४ क बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयबाट मिति २०६९।५।१२ मा भएको थुनछेक आदेश ।

(१४)वारदातमा संलग्न रही फरार रहेको प्रतिवादी विजय गुप्तालाई पक्राउ गरी आवश्यक कारवाहीको लागि पठाईएको भन्ने व्यहोराको महानगरीय प्रहरी अपराध महाशाखाको मिति २०६९।६।५ गतेको पत्र ।

(१५) विगत १०।११ वर्ष पहिला देखि भारतबाट काठमाडौमा आई व्यापार व्यवसायको कार्य गर्दै आएकोमा ९।१० महिना अगाडी गाउँ कै मनि सिंहसंग भेटघाट भई कुराकानी गर्ने क्रममा नेपालमा डकैती गर्ने भनि नेपालमा बोलाई हामी गोरख पांसवान, ईन्द्रजित पांसवान, मनि सिंह, दिपक, राजिव, सन्जोग पाल, रंजित कुमार सिंह, रमेश ठाकुर समेत भई का.जि.,नयाँवजार स्थित होटल रिभर ईनमा वसी डाँका गर्ने योजना वनाई हतियार समेत चलाउन नजान्ने व्यक्तिहरुलाई म समेतले हतियार चलाउन सिकाउने गरेकोमा सोही योजना अनुसार मिति २०६९।४।३ गते विहान अं. ९:०० बजेको समयमा का.जि गोगंवु गा.वि.स. ६ स्थित राजन भुजेलले संचालन गरेको सुनचाँदी गहना पसलमा वरामद भई आएको पेस्तोल रिभल्वर समेत देखाई डाँका चोरी गरेको हो, उक्त हतियार अवैध रुपमा ल्याई वारदातमा प्रयोग भए गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी विजय गुप्ताले अधिकार प्राप्त अधिकारी समंक्ष लेखाई दिएको वयान कागज ।

(१६) मिति २०६९।४।३ गते विहान म का.जि.,वानियाटार स्थित आफ्नै हार्डवयर पसलमा थिए । उक्त दिन विहान ०९:०० वजे पसलमा काम गर्ने सन्जोग पालको मोवाईलमा एक जना व्यक्तिले फोन सम्पर्क गरी आमा विरामी छ माईतमा पठाई दिनु भनि कुरा भए पछि उक्त कुरा मलाई भनेकोले म निजसंगै का.जि.,जोरपाटी स्थित निजको कोठामा गई वसी भोलिपल्ट विहान वल्खु हुँदै आफ्नो माईत भारत गएको हुँ । माईत वस्ने क्रममा दुई महिना पछि श्रीमान विजय गुप्ताले फोन सम्पर्क गरेको हो । पक्राउ हुनुभन्दा ३ दिन अगाडी चन्द्रीका थापाले तपाईको श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ भनि वताएको हुँदा श्रीमानलाई भेट्नको लागि काठमाडौ आउने क्रममा म पक्राउमा परेको हुँ । उक्त हतियार सम्बन्धमा मलाई कुनै जानकारी भएन उक्त हतियार को कस्ले ल्याएको हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी शशी गुप्ताले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

(१७) वारदातमा संलग्न रही फरार रहेका प्रतिवादीहरु गोरख पासवान, ईन्द्रजित पासवादन, मनि सिंह, राजिव दिपक भन्ने व्यक्तिको खोजतलास गर्दा फेला नपरको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

(१८) मिसिल संलग्न जाहेरी दरखास्त, खानतलासी वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरुको वयान कागज, वुझिएका मानिसहरुको घटना विवरण कागज समेतका मिसिल संलग्न कागज प्रमाणहरुबाट निज प्रतिवादीहरुले मिति २०६९।४।३ गते विहान ०९:०० वजेको समयमा का.जि.,गोगंवु गा.वि.स.वडा नं. ६ जलविनायकचोक स्थित जाहेरवाला राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा गई जाहेरवालालाई नियन्त्रणमा लिई नगद, सुनचाँदी, आईफोन समेत गरी रु.४,३०,१००।- वरावरको धनमाल डाँका चोरी गरी भाग्ने क्रममा निज प्रतिवादी रमेश ठाकुरको साथबाट मेड ईन ईटाली लेखिएको ७७७४ नं.को पेस्तोल नाल १, ऐ.को गोली राउण्ड ४, म्याग्जीन थान १, तथा प्रतिवादी रन्जीत कुमार

सिंहको साथबाट मेड ईन यु.एस.ए.लेखिएको रिभल्वर नाल १ ऐ.को गोली राउण्ड ४ तथा निज प्रतिवादी रमेश ठाकुरले राजन भुजेललाई ज्यान मार्नको लागि हानेको खोका समेत फेला परेको वारदातमा तत्काल पक्राउ परेका रमेश ठाकुर, रन्जितकुमार सिंह र संजोक पाल उपर हातहतियार खरखजाना मुद्दा मिति ०६९।५।७ गते दर्ता भई सकेको । वारदातमा संलग्न रही फरार रहेका बिजय गुप्ता र शशी गुप्ता हाल पक्राउ परी निजहरुका हकमा अनुसन्धान भई प्रस्तुत वारदातमा निजहरुको समेत संलग्नताको भएको देखिएकाले यी प्रतिवादीहरुले अवैध हातहतियार खरखजाना भारतबाट नेपालमा ओसार पसार गरी आफूसंग राखि अन्य व्यक्तिहरुलाई चलाउन सिकाई अपराध गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरु बिजय गुप्ता र शशी गुप्तालाई **हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२), ४ (२) र ५(१) को कसूर अपराधमा सोही ऐनको दफा २० (२) र २० (३) बमोजिम सजाय** हुन मागदावी लिई मिति २०६९।७।२७ मा यस कार्यालयमा पेश भएको **पुरक-अभियोग-पत्र ।**

(१९) म संगबाट हतियार बरामद भएको होइन । म अभियोगमा उल्लेखित कुनै कसुरमा संलग्न छैन । मलाई विरगंजबाट पक्राउ गरेको हो । प्रहरी प्रतिवेदनको व्यहोरा सत्य होइन । रंजित कुमार सिंहलाई चिन्दीन । निजले किन पोले थाहा छैन । मेरो पसलमा संजोक पाल भन्ने भाई काम गर्छ कसैले सम्पर्क गर्यो होला मलाई थाहा भएन । विजय गुप्ता भन्ने व्यक्ति म मात्र हैन । अरुपनि हुनसक्छ । किटानी किन लेखाए थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी विजय गुप्ताले यस कार्यालयमा गरेको बयान ।

(२०) मसँग हातहतियार राख्ने चलाउने इजाजत छैन । मिशिल संलग्न कागजातमा उल्लेखित घटनामा मेरो कुनै संलग्नता छैन । मलाई सो बारे कुनै थाहा छैन, थिएन । मैले वारदात भएको भनिएको ठाँउमा को को गए के गरे केही थाहा पाइन । म २०६९/४/३ वा ४ गते तिर कुन दिन हो माइत भारत गएकी थिएँ । दुई महिना जति माइत बसे । मेरो पतिको अर्को पत्नी चन्द्रिका थापाले श्रीमान थुनाको कुरा फोनमा बताएकाले नेपाल आई चौकीमा श्रीमान भेट्न जाँदा सुनपसल लुटिएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी शशी गुप्ताले यस कार्यालयमा गरेको बयान ।

(२१) यस कार्यालय समक्षको वयानका क्रममा प्रतिवादीहरु विजय गुप्ता र शशी गुप्ताले इन्कारी बयान गरेको भएता पनि तत्काल प्राप्त प्रमाणलाई अहिले नै अन्यथा भन्न सकिने अवस्था नरहेकाले पछि मुद्दा फैसला भएका बखत ठहरे बमोजिम हुने गरि यी प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४क बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयबाट मिति २०६९।८।७ मा भएको आदेश ।

## ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०६९।४।३ गतेका दिन विहान ९.०० बजेको समयमा काठमाण्डौं जिल्ला, गोंगबु गा.वि.स.वडा नं. ६ जलविनायक स्थित राजन भुजेलले संचालन गरेको म्याग्दी धौलागिरी सुनचाँदी पसलमा प्रतिवादी रन्जितकुमार सिंहले उक्त सुनचाँदी पसलका संचालक राजन भुजेललाई दाहिने हातमा रिभल्वर समाती लछारपछार गर्दै गरेको अवस्थामा प्रहरी टोली पुगी Made in USA लेखिएको कालो रंगको ४ राउण्ड गोली लोड गरी पड्काउन तयारी हालतमा राखिएको रिभल्वर थान १ तथा प्रतिवादी रमेश ठाकुरको कम्मरमा भिरेको Made in Italy Automatic Pistol N7774 लेखिएको पेस्तोल थान १, ऐ.को म्यागिजन थान १ र गोली राउण्ड ४ फेला परेको, डाँका तथा चोरी गर्ने कार्यमा प्रतिवादीहरु रन्जित कुमार सिंह, सन्तोष भन्ने सन्जोग पाल र रमेश ठाकुरलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),४(२) र ५(१) को कसूरमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी वरामद हतियार ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ । सोही कसुरमा संलग्न विजय गुप्ता र शशि

गुप्ता समेतलाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),४(२) र ५(१) को कसूरमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी पाँउ भन्ने व्यहोराको पुरक अभियोग पत्र रहेछ ।

यसमा प्रतिवादीहरुले अभियोग मागदावी बमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

मिसिल संलग्न कागजातरु अध्ययन गरी हेर्दा मिति २०६९।४।३ गते का.जि गोंगवु-६ जलविनायक स्थित म्याग्दी धौलागिरी सुनचाँदी पसलमा प्रतिवादी रन्जितकुमार सिंहले हातमा रिभल्वर लिई पसलका संचालक राजन भुजेललाई लछारपछार गरी धनमाल लुट्ने प्रयास गर्दै गरेको अवस्थामा प्रहरी टोली पुगी रितपूर्वक खानतलासी गर्दा प्रतिवादी रन्जितकुमार सिंहको साथबाट Made in USA लेखिएको कालो रंगको ४ राउण्ड गोली लोड गरी पड्काउन तयारी हालतमा रहेको रिभल्वर थान १ तथा प्रतिवादी रमेश ठाकुरको कम्मरमा भिरेको Made in Italy Automatic Pistol N7774 लेखिएको पेस्तोल थान १, ऐ.को म्याग्जिन थान १ र गोली राउण्ड ४ समेत फेला परेको भन्ने मिति २०६९।४।३ गतेमा खानतलासी बरामदी मुचुल्का भई सो मुचुल्काको रोहवरमा प्रतिवादी रन्जितकुमार सिंह र रमेश ठाकुरले सहीछाप गरेको साथै वा ४६ प ३०४ नं.को मोटरसाइकल प्रतिवादी सन्जय गुप्ताले मलाई दिएको भनी सन्तोष भन्ने सन्जोग पालले खानतलासी वरामदी मुचुल्कामा खुलाई सो को रोहवरमा सहीछाप गरेको देखियो ।

अव उल्लेखित वारदातमा को कसको के कस्तो संलग्नता रहेछ भन्ने सम्वन्धमा विश्लेषण गर्दा प्रतिवादी रन्जित सिंहको साथबाट Made in USA लेखिएको कालो रंगको ४ राउण्ड गोली लोड गरी पड्काउन तयारी हालतमा रहेको रिभल्वर थान १ वरामद भएको, निजले अनुसन्धानका क्रममा *भारत घर भएका चिनजानका साथी गोरख पासवान, इन्द्रजित पासवान र रमेश ठाकुरले काठमाण्डौंमा विजय गुप्ता र दिपक भन्नेले काम गर्न वोलाएका छन्, साथमा पेस्तोल लिई आउनु भनेको छ, भन्दा मैले हुन्छ भनी इन्द्रजित, गोरख पासवान र रमेश ठाकुर समेत भारतबाट काठमाण्डौं आयौं र नयाँवजार स्थित होटल रिभर होलि डेमा कोठामा बसी इन्द्रजित र गोरख पासवानले बोकी ल्याएको पेस्तोल रिभल्वर चलाउन १०/१५ दिन सिकाई म्याग्दी धौलागिरी सुनचाँदी पसलमा पसल संचालकलाई रमेश ठाकुरले हतियार देखाई नियन्त्रण लिएको अवस्थामा जाहेरवाला चिच्याई वरपरका मानिस कराई होहल्ला हुदा अन्य साथीहरु भाग्न सफल भए र मलाई पेस्तोल र गोली तथा पड्काइएको गोलीको खोका सहित पक्राउ गरेको* भनी प्रतिवादी रन्जितकुमार सिंह कसुरमा सावित रही बयान गरेका रहेछन् । यस कार्यालय समक्षको वयानमा *उल्लेखित सुनचाँदी पसलका संचालकसँग हात हालाहाल हुदै गर्दा हो हल्ला भई प्रहरी आई वरामदी मुचुल्का बमोजिमका सामान मेरो साथबाट वरामद गरेका हुन्* भनी बयान गरी अनुसन्धानको क्रममा भएको बयानलाइ समर्थन गरेको देखियो । अर्का प्रतिवादी सन्तोष भन्ने सन्जोग पालले अनुसन्धानका क्रममा *प्रतिवादी रन्जितकुमार सिंह, रमेश ठाकुर, विजय गुप्ता, इन्द्र पासवान, गोरख पासवान र दिपक भन्ने व्यक्तिसँग चिनजान रहेको, म विजय गुप्ताको पसलमा काम गर्थे, काम गर्दै गर्दा विजय गुप्ताले होटल रिभर भ्याली इनमा लगी हतियार चलाउने मान्छेसँग हतियार चलाउन सिकाए । चोरी गर्ने योजनामा मैले विजय गुप्तालाई मोटरसाइकलमा राखी उल्लेखित सुनचाँदी पसल छेउ राखी सुनचाँदी पसलमा जाँदा जाहेरवालालाई गोली हान्ने क्रममा जाहेरवालाले छली चिच्याई वरपरका मानिस समेत चिच्याई रहेको, म र विजय गुप्ता भागी कोठा गएको, विजय गुप्तालाई कोठामा छाडी बसुन्धारा जाने क्रममा प्रहरीले पक्राउ गरेको, सुनचाँदी पसलबाट भाग्दै गरेका रन्जितकुमार र रमेश ठाकुरलाई उल्लेखित हतियार सहित प्रहरीले पक्राउ गरेको । गोरख पासवान अर्को पेस्तोल सहित फरार रहेका, उक्त हतियार के कती मूल्यमा ल्याए थाहा भएन । पन्ध्र दिनसम्म हतियार चलाउन सिकाएका र सुनचाँदी पसलमा म समेत गएको* भनी खुलाएका । यस कार्यालय समक्षको वयानमा *रमेश ठाकुर समेतले हतियार लिई चोरी गर्न गएको भन्ने सुनेको हुँ, म गएको हैन, वारदातमा प्रयोग भएको मोटरसाइकल ब्रह्मदेव फर्निचरबाट ल्याई विजय गुप्ताको पसलमा राखेको* भनी कसूरमा इन्कार गरेका । प्रतिवादी रमेश ठाकुरले *इन्द्रजित पासवान र गोरख पासवानले काठमाण्डौंमा काम गर्न विजय गुप्ताले बोलाएको छ भनी लिएर आई होटल रिभर होलि डेमा कोठामा राखे । त्यहा दिपक भन्ने र सन्जोग पाल सँगै थिए । इन्द्रजित पासवान र गोरख पासवानले पेस्तोल गोली निकाली गोली हतियार चलाउन विजय गुप्ता समेतलाई सिकाए, हामीले पनि सिक्यौं र मिति २०६९।४।३ गते गोंगवु स्थित म्याग्दी धौलागिरी सुनचाँदी पसलमा गै डाँका गर्ने उद्धेश्यले जाहेरवालाको कन्चटमा पेस्तोल ताकेको, हो हल्ला भएपछि भागेको, प्रहरीले पक्राउ गर्दा एउटा पेस्तोल र ४ राउण्ड गोली सहित रन्जितकुमार सिंह र अर्को एउटा पेस्तोल ४ राउण्ड गोली र आफुले पड्काएको गोलीको खोका १ सहित आफु*

*पक्राउ परेको, आफुले गरेको कसूर अनुसार कारवाही भोग्न तयार छु* भनी वयान गरेका रहेछन् । यस कार्यालय समक्षको वयानमा प्रतिवादी रमेश ठाकुरले *आफु लगायत रन्जितकुमार सिंह र दिपक भन्ने व्यक्ति समेत डाँका गर्न गएको । आफ्नो साथबाट गोली तथा पेस्तोल वरामद भएको, अनुसन्धानका क्रममा भनेको वयान आफुले भने बमोजिम लेखिएको* भनी पेस्तोल र गोली समेत सनाखत गरी कसूरमा सावित रहेका । प्रतिवादी रन्जितकुमार सिंहले यस कार्यालय समक्षको वयानमा *रमेश ठाकुर, इन्द्र पासवान र गोरख पासवान समेत भई भारतबाट काठमाण्डौं आई होटलमा सगैं बसेको । होटलमा रमेश ठाकुर, दिपक भन्ने व्यक्ति र विजय गुप्ता समेतले सुनचाँदी पसलमा डाँका गर्ने योजना वनाएको । मिति २०६९।४।३ गते डाँका गर्न गएको, डाँका गर्ने क्रममा पसलको मान्छेसँग हात हालाहाल हुदै गर्दा प्रहरी आई पक्राउ गरेको र झोलामा रहेको पेस्तोल गोली वरामद भएको, अनुसन्धानमा भएको वयान आफ्नो भएको* भनी वरामद पेस्तोल तथा गोली सनाखत गरी कसूरमा सावित रहेको देखियो । प्रतिवादी सन्जोग पालले *घटनामा प्रयोग भएको वा ४६ प ३०४ नं. को मोटरसाइकल आफुले ल्याई विजय गुप्ताको पसलमा राखेकोले मात्र प्रहरीले पक्राउ गरेको, आफु डाँका गर्न नगएको र  आफुबाट कुनै हातहतियार वरामद नभएको* भनी यस कार्यालय समक्ष इन्कारी वयान गरेता पनि प्रतिवादी रमेश ठाकुर र रन्जित  कुमार सिंहले अनुसन्धानको क्रममा भएको वयान व्यहोरालाई ठीक साँचो भनी यस कार्यालयमा समेत सनाखत गरेका र निज प्रतिवादी सन्जोगले आफ्नो जिकीरलाई समर्थन हुने गरी साक्षी प्रमाण पेश गर्न सकेको देखिएन । मिसिल संलग्न हतियार परीक्षण प्रतिवेदनका आधारमा वरामद चिज वस्तु हातहतियार खरखजाना भएको तथ्यमा कुनै विवाद रहेन । आज यस इजलाश समक्ष छलफलको क्रममा प्रतिवादी रन्जितकुमार सिंह, रमेश ठाकुर, विजय गुप्ता समेतले आफुहरुलाई अदालतबाट यसै वारदातबाट उठेको डाँका मुद्दामा कसूरदार ठहर गरेको भनी खुलाएका छन् ।

तसर्थ माथि विवेचना गरिएका खानतलासी वरामदी मुचुल्का र सो को रोहवरमा भएको प्रतिवादीहरु रमेश ठाकुर र रन्जितकुमार सिंहको सहीछाप, प्रतिवादीहरुको अनुसन्धानको क्रममा र यस कार्यालयमा भएको वयान, हतियार परीक्षण प्रतिवेदन र यस कार्यालय समक्षको वयानमा इन्कारी रहेका प्रतिवादी सन्जोग पालले आफ्ना साक्षी प्रमाण पेश गर्न नसकेको अवस्था लगायतका मिसिल संलग्न कागज प्रमाणहरुका आधारमा प्रतिवादी रन्जितकुमार सिंहले भारतबाट नेपालमा आई कानूनद्धारा प्रतिवन्धित हातहतियार खरखजाना बोकी हिडेको, साथमा राखेको, प्रतिवादी रमेश ठाकुरले हातहतियार खरखजाना बोकी हिडेको, साथमा राखेको, प्रतिवादी सन्जोग पालले हतियार वोकेको र साथमा राखेको, हतियार चलाउन सिकेको देखिदा प्रतिवादीहरु रमेश ठाकुर र रन्जितकुमार सिंह र सन्जोग पालले हातहतियार खरखजाना ऐन, २०१९को दफा ३(२),४(२) र ५(१) बमोजिम कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीहरुको आपराधिक पृष्ठभूमि, अदालतमा सोही वारदातबाट उठेको अन्य मुद्दामा कसूरदार ठहर भई सकेको अवस्था समेतलाई विचार गर्दा निजहरुलाई ऐ ऐनको दफा २०(२) बमोजिम जनही ३(तीन) वर्ष कैद तथा रु ७५,०००।- ( पचहत्तर हजार ) जरिवाना ,ऐ दफा २०(३) बमोजिम जनही १(एक) वर्ष कैद गरी जम्मा जनही ४(चार) वर्ष कैद र जनही रु ७५,०००।- ( पचहत्तर हजार ) जरिवाना हुन्छ । वरामद भई आएको पेस्तोल तथा गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मू.ऐं अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिएँ ।

**मिसिल नं.१४/५०**

मिति २०७१।४।३ गते का.जि. गंगवु स्थित म्याग्दी धौलागिरी सुनचाँदी पसलमा डाँका गर्ने क्रममा पक्राउ परेका प्रतिवादीहरु रन्जितकुमार सिंह,रमेश ठाकुरको साथबाट पेस्तोल तथा गोली वरामद भएकोले प्रतिवादी रन्जितकुमार सिंह, रमेश ठाकुर र सन्जोग पाल उपर स.वा.फौ १२/४३ को हातहतियार खरखजाना मुद्दा मिति २०६९।५।७ मा दायर भई तत्काल फरार रहेका प्रतिवादी शशि गुप्ता र विजय गुप्ताका नाउमा हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) र ५(१) विपरितको कसूरमा ऐ.दफा २०(२) र २०(३) बमोजिम सजाय माँग दावी गरी मिति २०६९।७।२७ मा पुरक अभियोग-पत्र दायर भएको रहेछ ।

यसमा प्रतिवादी शशि गुप्ता र विजय गुप्ताले अभियोग दावी बमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने भएको छ ।

अव निर्णय तर्फ विचार गर्दा प्रतिवादी विजय गुप्ताले अनुसन्धानका क्रममा कसूरमा सावित रही वयान गरेका, प्रतिवादी रन्जितकुमार सिंहले यस कार्यालयमा गरेको वयानमा डाँका गर्ने योजना बनाउने, हातहतियार ल्याउने राख्ने, चलाउन सिक्ने सिकाउने, डाँका गर्न जाने कार्यमा विजय गुप्ता पनि साथ रहेको भनी खुलाएका, निज

प्रतिवादी विजय गुप्ता यस कार्यालयमा कसूरमा इन्कार रहेता पनि आफ्नो दावी जिकिरलाई समर्थन हुने गरी कुनै साक्षी प्रमाण पेश गर्न नसकेको लगायत निर्णय नं.१७१४ मा विवेचित तथ्यहरुका आधारमा प्रतिवादी विजय गुप्ताले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) विपरित विना लाइसेन्स हातहतियार खरखजाना विदेशबाट नेपाल ल्याउने, साथमा राख्ने कसूर गरेको ठहर्छ । सो ठहर्नाले निज प्रतिवादी विजय गुप्तालाई यसै वारदातसँग सम्वन्धित अन्य मुद्दाहरुमा अदालतबाट कसूरदार ठहर भई सकेको अवस्था समेतलाई ध्यानमा राखी ऐ.ऐनको दफा २०(२) बमोजिम ३ (तीन ) वर्ष कैद र रु ७५,०००।- (पचहत्तर हजार ) जरिवाना तथा ऐ.दफा २०(३) बमोजिम १ (एक ) वर्ष कैद गरी जम्मा ४( चार ) वर्ष कैद र रु ७५,०००।- (पचहत्तर हजार ) जरिवाना हुन्छ ।

प्रतिवादी शशी गुप्ताको हकमा विचार गर्दा निजको साथबाट कुनै हातहतियार खरखजाना वरामद नभएको, कसूर ठहर भई सकेका प्रतिवादीहरुले अनुसन्धानको क्रममा र यस कार्यालय समक्षको वयानमा निजको संलग्नता कही कतै उल्लेख नगरेको, प्रतिवादी विजय गुप्ताले आफ्नो योजना तथा कृयाकलाप वारे पत्नी शशि गुप्तालाई कुनै थाहा जानकारी नभएको भनी खुलाएका र प्रतिवादी शशी गुप्ताले अनुसन्धानको क्रममा र यस कार्यालयमा गरेको वयानमा कसुरमा इन्कार रहेको देखियो । सह अभियुक्तहरुको वयान समेतबाट हातहतियार ओसार पसार कार्यमा शशी गुप्ताको संलग्नता रहेको भनी लेखाउन नसकेको स्थितिमा यी प्रतिवादी शशि गुप्तालाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु उपयुक्त नदेखिएकाले मु.ऐ.,अ.वं.४७ नं. बमोजिम तारेखमा राख्ने गरी सम्मानित पुनरावेदन अदालत पाटनबाट आदेश भएको रहेछ । अतः माथि विवेचित प्रमाणहरुका आधारमा प्रतिवादी शशी गुप्ताको हातहतियार खरखजाना ल्याउने लैजाने, साथमा राख्ने, लिई हिड्ने कार्यमा संलग्नता नदेखिएकोले निज उपरको अभियोग माग दावी पुग्न सक्दैन । निज शशी गुप्ताले अभियोग दावीबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु रमेश ठाकुर, रन्जीतकुमार सिंह, सन्तोष भन्ने सन्जोग पाल, र विजय गुप्तालाई जनही ४ (चार ) वर्ष कैद र जनही रु. ७५,०००/-(पचहत्तर हजार ) जरिवाना हुने ठहरेकोले निजहरुलाई भएको जरिवाना रकम दाखिला गरेमा निजहरुलाई ठहरे बमोजिमको कैदमा बसी अवधि भूक्तान भएपछि कारागारबाट छाडि दिन कैदी पूर्जि दिनू । जरिवाना रकम दाखिला नगरेमा कैदमा बसेको अवधि भुक्तान भएपछि सो मितिबाट थप अवधि कैदमा बस्न प्रतिवादीहरु रमेश ठाकुर, रन्जीतकुमार सिंह, सन्तोष भन्ने सन्जोग पाल, र विजय गुप्तालाई मू.ऐ. दण्ड सजाँयको ३८ नं. बमोजिम कैदीपूर्जि दिनू..१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.....................................................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु रमेश ठाकुर, रन्जीतकुमार सिंह, सन्तोष भन्ने सन्जोग पाल, र विजय गुप्तालाई पुनरावेदन म्याद दिनू..........................................................................................................................३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू ....................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...........५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम
टिपी कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा,
ना.सु.भुवराज घिमिरे

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

...................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल माघ २१ गते रोज ४ शुभम् .......................